"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इलाम, १ नं. प्रदेश, नेपाल

Green Ilam

-८।०८ १६९२

पत्र संख्या:- पूर्वाधार विकाश शाखा २०७६/०७७

मिति:- २०७६/०८/२७

## विषय :- शिलवन्दी वोलपत्र आव्हानको सूचना।

प्रथम पटक प्रकाशन मिति : २०७६/०८/२९

इलाम नगरपालिकाको गौतम बुद्ध सभागृहमा साउण्ड सिष्टम जडान गर्ने कार्य शिलबन्दी बोलपत्रवाट गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली साउण्ड सिस्टम जडानको कार्य गर्ने संस्था/ कम्पनी आदी हरुका लागि निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गरिन्छ।

१. बोलपत्र खरीद प्रकृया हार्ड कपि सवमिसनको माध्यमबाट मात्र गरीएकोले विड डकुमेण्ट इलाम नगर कार्यपालिकाको कार्यालय, जिल्ला प्रशासन कार्यालय, इलाम र कोष तथा लेखा नियन्त्रकको कार्यालय इलामवाट मिति २०७६/०९/२८ गते कार्यालय समय सम्ममा तोकिएको दस्तुर बुझाई खरीद गर्न सकिने छ। दरभाउपत्र खरिद दस्तुर वापत यस कार्यालयको संचितकोष खातामा जम्मा गरेको सम्बन्धित ठेक्का नं र कार्यको नाम खुलेको नगद दाखिला भौचर वा इलाम नगर कार्यपालिकाको कार्यालयमा जम्मा गरेको नगदी रसीद मिति २०७६/०९/२८ गते सम्ममा जम्मा गरेको सक्कलै साथै पेश गर्नु पर्ने छ।

२. विड डकुमेण्ट बैकबाट खरीद गर्ने लागी रकम जम्मा गर्ने वैंकको विवरण निम्नानुसार रहेको छ। फ्याक्स ट्रान्सफर आदि मार्फत गरीने खरीद उपर कारवाही गरीने छैन।
वैंकको नाम :- नेपाल वैक लि. इलाम   संचित कोष खाता नं. :- ०४००३००००००००४००१००७

३. वोलपत्रदाताको व्यवसाय दर्ता प्रमाण पत्र, व्यवसाय इजाजत प्रमाण पत्र, स्थायी नम्वर लेखा नम्बर/ मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.ब.२०७५/०७६ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ। वा उत्त कर चुक्ता नभएमा कर को म्याद थपको कागजात पेश गर्नुपर्नेछ।

४. वोलपत्र फारम मिति २०७६/०९/२९ गते दिनको १२.०० वजे भित्र सिलवन्दि गरी हार्ड कपि इलाम नगर कार्यपालिकाको कार्यालय, जिल्ला प्रशासन कार्यालय, इलाम र कोष तथा लेखा नियन्त्रकको कार्यालय इलाममा दर्ता गर्न सकिनेछ। दर्ता भएका सिलवन्दि वोलपत्रहरु सोही दिनको १२.३० वजे यस कार्यालयमा उपस्थित वोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र विभिन्न कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। वोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५. वोलपत्र कागजात खरिद गरिने अन्तिम दिन वा वोलपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन वोलपत्र खरिद गर्न र बुझाउन सकिने छ।

६. वोलपत्र साथ ने.वै.लि. इलाम स्थित इलाम नगरपालिकाको धरौटी खाता नं. ०४००३०००००००००३०००४३ मा फर्मको नामवाट तपसीलमा उल्लेखित वोलपत्र जमानत वापतको रकम जम्मा गरेको भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० ( एकसय वीस दिन) म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त "क" वर्गका वाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र (विडबण्ड) पेश गर्नु पर्ने छ। सो जमानी पत्र/भौचरमा सम्बन्धित ठेक्का नं र कार्यको नाम उल्लेख भएको हुनु पर्ने छ। सम्झौता सम्पन्न भएपछि मात्र वोलपत्र जमानत वापतको रकम फिर्ता गरिनेछ।

७. एउटा फर्मका नामवाट खरिद गरिएको वोलपत्र कागजात अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन।

८. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु वोलपत्रदाता स्वयम् आफैले बुझाउनु पर्नेछ।

९. अन्य विस्तृत विवरण विड डकुमेण्ट को विड डाटा सिट मा उल्लेख गरिएको छ। सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी वोलपत्र दाताको हुनेछ।

१०. सूचना तथा वोलपत्र कागजातको शर्त विपरित भएको वा कुनै थपघट गरिएको रित नपुगेको, म्याद नाघी पेश हुन आएको वोलपत्र उपर कुनै कारवाही गरिने छैन।

११. वोलपत्रको परीक्षण दरभाउपत्र कागजात अनुसार हुनेछ र परीक्षण गर्न लाग्ने भए सम्पूर्ण खर्च वोलपत्र कागजातमा संलग्न वि ओ क्यू को दररेटमा नै समावेश गर्नुपर्नेछ।

१२. दररेट स्पस्ट सग लेख्नु पर्नेछ। दररेट पेश गर्दा भ्याट बाहेकको पेश गर्नु पर्ने छ। दररेट महलमा लेखिएको दररेट भ्याट वाहेकको मानिनेछ। दररेटमा केरमेट भएमा केरमेट भएको स्थानमा वोलपत्रदाताले सहि छाप गर्नु पर्ने छ। अंक र अक्षरमा लेखिएको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

१३. वोलपत्रदाताहरुले आफ्नो वोलपत्र दाखिला गर्नु अगावै वोलपत्रमा उल्लेखित विवरण अनुसार परियोजनाको स्थलगत निरीक्षण गरि पेश गर्न सकिनेछ।

प्रेम कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

☏ ०२७-५२००६०/ ५२००६५ फ्याक्सः ०२७-५२००३१ दमकलः ०२७-५२००३८
URL: www.ilammun.gov.np Email: mun.ilam@gmail.com

पत्र संख्याः- पूर्वाधार विकाश शाखा २०७६/०७७ मितिः- २०७६/०८/२७

(२)

१४. अनुभव/ लेखा परिक्षण/ कम्पनी दर्ता भएका तथा माग भएका अन्य प्रमाण पत्रहरु पेश गर्दा प्रस्ट सँग बुझिने सक्कलै स्क्यान कागजात वा स्पष्ट फोटोकपि सक्कलै नोटरी प्रमाणित भएको हुनुपर्नेछ ।

१५. वोलपत्र सम्वन्धि जानकारी यस कार्यालयको वेव साईट बाट पनि हेर्न सकिनेछ ।

१६. सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन सहित), सार्वजनिक खरिद ऐन २०६३, (संसोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित), प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णयअनुसार हुनेछ ।

१७. वोलपत्र शर्तरहित मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका कागजात फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ ।

१८. शिलबन्दि वोलपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी सबै वोलपत्र पुरै वा आंशिक रूपमा स्वीकार/ स्विकृत गर्ने वा अस्वीकार/ अस्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहकोछ ।

१९. वोलपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको पूर्वाधार विकाश शाखा वा यस कार्यालयको वेवसाईट www.ilammun.gov.np मा सम्पर्क गर्न/ हेर्न सकिनेछ ।

**सिलवन्दी वोलपत्र सम्वन्धि कार्यको विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम रु. (भ्याट वाहेक) | वोलपत्र जमानत रकम रु. | वोलपत्र फारम खरीद दस्तुर रु. | वोलपत्र खरिद गर्न सकिने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | इनपा/इलाम/एनर्सि सवि/सामान ०९/२०७६/०७७ | गौतम वुद्ध सभागृहमा साउण्ड सिष्टम जडान गर्ने कार्य । | २६,४७,३००.०० | ८९,५००.०० | ३०००.०० | २०७६/०९/२८ कार्यालय समय सम्ममा | |

प्रेम कुमार गौतम
नि. प्रमुख प्रशासकिय अधिकृत